कृषि तथा वन विज्ञान विश्वविद्यालय

# कृषि संकाय

डीनको कार्यालय

रामपुर, चितवन, नेपाल

फोन : ०५६-५९२४३६/५९२४१२/५२०६०२/
०१-४४७८६४७

मितिः २०७४/०८/२६

## कृषि स्नातकोत्तर (M.Sc.Ag., M.Sc. Biotechnology) तहको भर्ना फाराम Online भर्ने सम्वन्धी सूचना

शैक्षिक सत्र २०७४/०७५ का लागि यस संकायमा संचालन गरिने कृषि स्नातकोत्तर (M.Sc.Ag., M.Sc. Biotechnology) तहमा अध्ययन गर्न चाहने आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुबाट आवेदन माग गरिएको छ । उक्त तहको भर्ना सम्वन्धी कार्यक्रम देहाय बमोजिम भएको व्यहोरा जानकारी गराईन्छ । आवेदकले Online आवेदन फाराम साथ आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्र र नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न गर्नु पर्नेछ । साथै नेपाल सरकारबाट स्थापना भएका विश्वविद्यालय तथा शैक्षिक संस्थाहरु बाहेक अन्य विश्वविद्यालयवाट एस.एल.सी., प्रविणता प्रमाणपत्र तह, स्नातक तह वा सो सरह उत्तीर्ण गर्ने आवेदकहरुले समानस्तर निर्धारणको प्रमाण र मुल प्रमाणपत्र (Certificate) वा अस्थायी प्रमाणपत्र (Provisional Certificate) को प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

**१) आवश्यक न्युनतम शैक्षिक योग्यता**

क) M.Sc.Ag. / M.Sc. Biotechnology (Agriculture) को लागिः

- B.Sc.Ag. वा सो सरहको परीक्षा उर्त्तीण गरेको साथै न्यूनतम Schooling १६ वर्ष हुनु पर्नेछ ।

**२) आवेदन फाराम दस्तुरः** रु. ३०००।- (तीन हजार) मात्र लाग्नेछ ।

उक्त आवेदन फारम र प्रवेश परीक्षाको जम्मा शुल्क : रु. ३०००।- (तीन हजार) ने.बैं.लि., रामपुरमा कृषि संकायको नाममा रहेको चल्ति खाता नं. ०८५००१०११९९६१४००००01 मा रकम जम्मा गर्नु पर्नेछ ।

**३) आवेदन फाराम भर्ने अवधिः** मिति २०७४ मंसिर २६ गते देखि २०७४ पौष १४ गते सम्म यस विश्वविद्यालयको वेभसाईट www.afu.edu.np बाट Online आवेदन फाराम भर्न सकिनेछ ।

४) संलग्न हुनुपर्ने आवश्यक कागजपत्रहरु र बैंकमा रकम जम्मा गरेको बैंक भौचर आदि नपुग भएमा वा हुलाकवाट पठाईएको वा अन्य ठाउमा दर्ता गरिएको वा वुझाएको वा अन्य माध्यमवाट पठाएको आवेदन फारम उपर कुनै कारर्वाही गरिने छैन । साथै कुनै कारणवस कुनै कागजपत्र नपुग भएमा बैंकमा जम्मा गरेको रकम फिर्ता हुनेछैन् ।

**५) प्रवेश परीक्षा हुने मिति र स्थानः**

२०७४ पौष २० गते विहान ११:०० बजे । डीनको कार्यालय, कृषि संकाय, रामपुर, चितवन ।

६) **प्रवेश पत्र वितरण मिति र स्थानः**

२०७४ पौष २० गते बिहान ७:०० बजे देखि १०:०० बजेसम्म । डीनको कार्यालय, कृषि संकाय, रामपुर, चितवन ।

७) **प्रवेश परीक्षाको नतिजा प्रकाशनः** २०७४ पौष २० गते

९) **भर्नाको नामवाली प्रकाशन मितिः** २०७४ पौष २० गते

९) **भर्ना मिति :** २०७४ पौष २४ गते विहान ११:०० बजे

१०) **भर्नाको आधारः** प्रवेश परीक्षाको प्राप्ताङ्क ९०% र स्नातक तहको प्राप्ताङ्कको प्रतिशतलाई १०% अङ्क भार दिइनेछ । सोको आधारमा योग्यता क्रमको सूची तयार गरी योग्यताको क्रम अनुसार नै भर्नाको लागि नामावली प्रकाशित गरिनेछ । प्रवेश परीक्षाको उर्त्तिर्णाङ्क ५०% कायम गरिएको छ ।

११) M.Sc.Ag./ M.Sc. Biotechnology (Agriculture) को लागि स्नातक तहको पाठ्यक्रमवाट निम्न विषयहरुमा कुल ९० वटा प्रश्नहरु समावेश गरि प्रवेश परीक्षाको प्रश्नपत्र तयार गरिनेछ र सवै प्रश्नहरु बहुछनौटिय बस्तुगत किसिम (Multiple Choice Objective Type) को हुनेछ । साथै परीक्षा समय एक (१) घण्टा र १५ (पन्ध्र) मिनेटको हुनेछ । प्रवेश परीक्षा समावेश विषयहरु र प्रश्न संख्या निम्नानुसारका हुनेछन् ।

क) वाली विज्ञान : ९ ख) वागवानी विज्ञान : ९ ग) माटो विज्ञान : ९

घ) कीट विज्ञान : ९ ङ) वाली प्रजनन् : ९ च) वाली रोग विज्ञान : ९

छ) कृषि अर्थशास्त्र एवं कृषि व्यवसाय व्यवस्थापन : ९

ज) कृषि प्रसार एंव ग्रामिण समाजशास्त्र : ९

झ) कन्जरभेसन ईकोलोजी र कृषि तथयाङ्क शास्त्र : ९

ञ) वायोकेमेष्ट्रि र वायोटेक्नोलोजी : ९

१२) स्नातकोत्तर तह (M.Sc.Ag.) मा अध्यापन गराईने विभिन्न विषयहरुमा निम्न संख्यामा जम्मा १०५ जना विद्यार्थी भर्ना लिइनेछ । उपरोक्त संख्या विश्वविद्यालय संग नेपाल सरकार, नेपाल कृषि अनुसन्धान परिषद् तथा अन्य संघ संस्थावाट MOU भए बमोजिम मनोनयन भई आउने विद्यार्थीहरु सो संख्यामा समावेश गरिएको छैन ।

क) वाली विज्ञान : ६ ख) वाली विज्ञान (Weed Science): ३ ग) वाली विज्ञान (Seed Science & Technology): ३

घ) वागवानी विज्ञान : १२ ङ) माटो विज्ञान : ८ च) कीट विज्ञान : ६

छ) वाली प्रजनन् : १२ ज) वाली रोग विज्ञान : ८ झ) कृषि अर्थशास्त्र : १२

ञ) कृषि प्रसार : १२ ट) ग्रामिण समाजशास्त्र : ६ ठ) कञ्जरभेसन ईकोलोजी : ६

ड) कृषि व्यवसाय व्यवस्थापन : ५ ढ) कृषि जैविक प्रविधि (M.Sc. Biotechnology) कृषि : ६

१३) आवेदन फारम बुझाउदा निम्न लिखित कागजपत्रहरु क्रमवद्ध रुपमा राखी बुझाउनु पर्नेछ ।

क) आवेदन फारम, हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति र यसको साथमा बैंक भौचर
ख) नेपाली नागरिकताको प्रमाणपत्र
ग) एस.एल.सी. परीक्षाको लब्धाङ्क पत्र
घ) एस.एल.सी. परीक्षाको चारित्रिक प्रमाण पत्र

ङ) प्रमाणपत्र तहको लब्धाङ्क पत्र

च) प्रमाणपत्र तहको चारित्रिक प्रमाण पत्र

छ) स्नातक तहको लब्धाङ्कपत्र

ज) स्नातक तहको चारित्रिक प्रमाण पत्र

झ) प्रमाणपत्र/स्नातक तहरुको मुल/अस्थायी प्रमाणपत्र

ञ) समानस्तर निर्धारणको प्रमाण

१४) भर्ना हुन आउदा आवेदन फाराममा संलग्न सम्पूर्ण प्रमाणपत्रहरुका प्रतिलिपिहरुको सक्कलै प्रमाणपत्रहरु अनिवार्य रुपमा बुझाउनु पर्नेछ साथै भर्ना भएको विषय परिवर्तन गरिने छैन ।

१५) कुनै विषयमा ३ (तीन) जना भन्दा कम विद्यार्थीहरु भर्ना भएमा सो विषयको अध्ययन अध्यापन नहुने व्यहोरा पनि जानकारी गराईन्छ ।

१६) अन्य विश्वविद्यालय वा शिक्षण संस्थावाट प्रमाण पत्र हासिल गरेका विद्यार्थीहरुले कृषि तथा वन विज्ञान विश्वविद्यालयमा नाम दर्ता (AFU Registration) गर्ने समयमा Migration Certificate को सक्कलै प्रति अनिवार्य रुपले बुझाउनु पर्नेछ । यदि उक्त Migration Certificate नवुझाई AFU Registration गर्न समस्या भएमा सोको जिम्मेवारी विश्वविद्यालयले लिने छैन ।

डीन
कृषि संकाय